अन्तर्राष्ट्रिय पर्वत दिवस (११ डिसेम्वर २०१७)

## दबावमा पर्वतहरू

महानिर्देशकको मन्तव्य



हजारौँ वर्षदेखि टेक्टोनिक प्लेटहरू ठोक्किएर पृथ्वीको सतह माथि गठी पर्वतहरू निर्माण भएका छन् । ज्वालामुखीको म्याग्माले चुचुराहरूलाई आकासतिर धकेल्दै गएको हुंदा चापको कारणले जमिनको ठूलो भागलाई माथि उठाएको छ ।

अफ्गानिस्तानदेखि म्यान्मारसम्म आठ वटा देशहरूमा फैलिएको हिन्दू कुश हिमालयलाई “योङ फोल्ड (जवान) पर्वतहरू“ भनिन्छ किनकि ती पर्वतहरू केही लाख वर्ष अगाडि मात्र बनेका थिए, जसले तिनीहरु विश्वभरका पर्वतीय श्रृंखलाहरू मध्ये तुलनात्मक रूपमा जवान हुन् । आज, यी पर्वतहरूले मध्य तथा दक्षिणी एसियामा बसोबास गर्ने २.१ अरब भन्दा बढी जनतालाई विभिन्न वातावरणीय स्रोत तथा सेवाहरू उपलब्ध गराउँछन् ।

ऐतिहासिक रूपमा, पृथ्वीको बाहिरी सतहबाट माथि उठेपछि हिन्दूकुश हिमालय क्षेत्रका मानिसमात्र नभएर विभिन्न प्रजातिका बोटबिरुवा तथा जनावरका लागि छिट्टै नै महत्वपूर्ण वासस्थान बन्यो, जहाँ ती मानिस, जनावर तथा बोटबिरुवा प्रचुर मात्रामा उपलब्ध खाद्य, जल तथा वासस्थानको कारणले विकसित भए । हिन्दू कुश हिमालय क्षेत्रको जैविक विविधता ब्राजिली वर्षाप्रचुर वनमा जत्तिकै रहेको छ ।



हिन्दू कुश हिमालय क्षेत्रले यसका र उपत्यकाहरूभित्र बसोबास गर्ने मानिस तथा जीवजन्तुको लागि मात्र जीवन प्रदान गर्दैन, यसका तल्लो तटीय भेगमा बसोवास गर्ने समुदायहरूले सिँचाइ, सरसफाइ तथा उद्योगको लागि ऊर्जा प्रदान गर्ने अनगिन्ती नदीहरूबाट जीवन निर्वाह गरिरहेका छन् । यी नदीहरू हिन्दू कुश हिमालय क्षेत्रका चुचुराहरूमा

रहेका हिउँ र बरफका विशाल भण्डारहरूबाट बन्छन्, जसले गर्दा उक्त क्षेत्रलाई "तेश्रो ध्रुव" भनेर चिनिन्छ ।

तर आज, हिन्दू कुश हिमालय क्षेत्रमा विभिन्न प्रकारका दबावहरु परेका छन्, जसले महत्वपूर्ण पारिस्थितिकीय प्रणाली र यी स्रोतहरूमा निर्भर रहने कैयौं मानिसहरूको स्वास्थ्य तथा जीवन यापनमा खतरा उत्पन्न गरेको छ । यी चापहरू चक्रीय र आकस्मिक हुन्छन्, जसले हिन्दू कुश हिमालय क्षेत्रमा अभूतपूर्व चुनौतीहरू ल्याउँदछन् ।

जलवायु परिवर्तनको असरले अत्याधिक मौसमी विपतहरूको तीव्रता र संख्यामा वृद्धि भइरहेको छ। गत वर्ष नेपाल र भारतमा आएको विनाशकारी बाढीले के देखाउँछ भने समुदाय र सरकारहरू यी महाविपत्तिहरूलाई न्यूनीकरण गर्नु र यसबाट पुनः पुरानै अवस्थामा फर्कन संघर्षरत छन् ।

जलवायु परिवर्तनले हिन्दू कुश हिमालय क्षेत्रको मौसम र बालीनाली तालिका मा पनि अवरोध ल्याइरहेको छ, जसले गर्दा रोगहरू फैलने र कृषि उत्पादनलाई अनुमान गर्न नसकिने बनाउने गर्दछ । यसको फलस्वरूप, उपभोक्ताहरूले मूल्यमा उतारचढावको मार खप्नुपर्ने हुन्छ र कृषिलाई अझ कठिन व्यवसाय बनाइ दिन्छ । हिन्दू कुश हिमालय क्षेत्रमा खाद्य असुरक्षाको उच्च दर ल्याउनमा यी सबै कारणहरू जिम्मेवार छन् ।

यसै सन्दर्भमा, पर्वतीय क्षेत्रमा बसोबास गर्ने परिवारहरू एक तर्फ शहरी केन्द्रहरूमा बृहत्तर जीवनयापनको लोभमा, अर्को तर्फ विपत्ति र गरीबीको कारणले उक्त स्थान छोड्नुपर्ने बाध्यताले गर्दा बसाइसराइ गर्न बाध्य बनिरहेका छन् । परिणामस्वरूप, शहरी केन्द्रहरू र अन्तर्राष्ट्रिय गन्तव्यहरूमा हुने बसाइसराइ (मुख्यतः पुरुष) ले स्थानीय जनशक्तिको नाश गर्दछ, जसले महिला र वृद्धावस्थामा रहेका मानिसहरूमा कामको भार थप्छ । शहरी केन्द्रहरूमा थपिएको जनसंख्यालाई थेग्न हम्मे पर्छ, अर्कातिर चाहिएभन्दा बढी श्रमिकहरूले गर्दा ज्याला र उत्पादनशीलतामा कमि ल्याउँछ ।

जलवायु, खाद्य असुरक्षा र बसाइसराइ ... यी त्रिकोणीय चापले हिन्दू कुश हिमालय क्षेत्रको जीवनयापन र वातावरणको गुणस्तरमा विभिन्न ढङ्गले अवरोध र न्यूनीकरण गरिरहेका छन् । व्यक्तिगत हैसियतबाट, हामीले आफ्नो आचरणमा परिमार्जन गर्न सक्छौं, तर हामीले ठूलो स्केलमा के गर्न सक्छौं त ?

इसिमोडमा, हामी समानुकुलन (रेसिलियन्स) को अवधारणामा अगाडि बढ्दैछौं, जसको अर्थ आघातको लागि तयार हुने, त्यसबाट पार पाउने, र पर्वतीय समुदायहरू बिच परिवर्तनकारी हेरफेर ल्याउने क्षमता मा केन्द्रित हुन्छौं ।

हिन्दू कुश हिमालय क्षेत्रका नदी क्षेत्रहरूमा, हामी बाढीको प्रारम्भिक चेतावनी प्रणाली स्थापना गर्न स्थानीय जनतासँग सहकार्य गर्दछौं । यो प्रणालीले आउँदो बाढी र पहिरोको लागि तयारी गर्न र धनसम्पत्ति र मानव जीवनमा हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्दछ । राष्ट्रिय सीमाहरू पार गर्दै, विभिन्न देशहरूमा हामी सरकार तथा साझेदारहरूसंग असुरक्षित समुदायहरूको क्षमता अभिवृद्धिमा केन्द्रित संस्थाहरू निर्माण गर्न सहकार्य गर्दछौं । यस वर्ष, हामीले समानुकुलित हिन्दूकुश (Resilient HKH) नामक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गऱ्यौं, जसमा ३०० भन्दा बढी विशेषज्ञहरू एकै स्थानमा भेला भई पर्वतीय समुदायहरूमा उनीहरूको जीवन र जीवनयापनमा परेका दवाबहरूको सामना गर्ने क्षमता अभिवृद्धि गर्ने उपायहरू आदानप्रदान गरेका थिए ।

हामी पर्वतीय समुदायहरूले विभिन्न रणनीतिहरू अपनाएर उनीहरूको आर्थिक अवस्था र जीवनयापन सुदृढीकरण गर्न सक्ने भविष्यको कल्पना गर्दछौं । मह र अलैंची जस्ता मूल्य अभिबर्द्धित पर्वतीय उत्पादनहरूले उच्च मूल्य प्राप्त गर्न सक्छन् र यी उत्पादनहरूको विविधताले आर्थिक सङ्कट सामना गर्नमा सहयोग पुऱ्याउन सक्छ । यी उत्पादनहरूलाई क्रेतासम्म पुऱ्याउन सुदृढ बजार सम्बन्धहरूको आवश्यकता पर्दछ, जसले पर्वतीय उत्पादनहरूको तिब्र र कुशल डेलिभरीको सुनिश्चित गर्दछ । झोलमल (जैविक मल), पोलिहाउस, र वर्षाको पानी संकलन गर्ने प्रविधि जस्ता कम लागतमा उपलब्ध हुने प्रविधिहरूले किसानलाई थोरै जमिन र पानीबाट धेरै बाली उब्जाउन मद्दत गर्दछ ।

हामीले गर्ने कामका यी थोरै उदाहरण मात्र हुन् । दवावमा रहेका सबै हाम्रा पर्वतहरु तथा तीनका सौन्दर्यलाई कायम राख्न हामी आजको जलवायु-परीवर्तन, खाद्य असुरक्षा तथा बसाइसराई जस्ता दवावलाई न्यूनिकरण गर्दै हिन्दू-कुश हिमालय संगै अन्य पर्वतीय क्षेत्रमा सम्भावनाका लागि आकांक्षा राख्दछौं ।

अन्तर्राष्ट्रिय पर्वत दिवसको उपलक्ष्यमा, हिमालय क्षेत्रभरि र विश्वभरका दिदीबहिनी तथा दाजुभाइहरूसँग हातेमालो गरेर यस विशेष र अमूल्य स्रोत तर्फ ध्यान आकर्षित गर्दछौं र, हामी तपाईंलाई पर्वतहरूको महत्व र स्वस्थ पर्वतहरूले सबैका लागि स्वस्थ भविष्य दिलाउने कुरा बोध गर्ने यस उद्देश्यमा सहभागी बन्न आग्रह गर्दछौं ।

डेभिड मोल्डेन

महानिर्देशक